मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

फोन: +९७७-०३३-५२०००८
ईमेल: vhlsec.siraha@gmail.com
वेबसाइट: vhlsecsiraha.p2.gov.np

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
# सिरहा

प.सं. २०८२/०८३

## हरूवा चरुवा दलित लगायत दलित वर्गको जीविकोपार्जन कार्यक्रमको प्रस्ताव आह्वानको सूचना।

(प्रथम पटक प्रकाशित: मिति २०८२/१२/०४)

यस विज्ञ केन्द्रको आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम तपसिल अनुसारका कार्यक्रमहरू संचालनका लागि "कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ (पहिलो संशोधन, २०७७)" तथा **पशुपन्छी तथा मत्स्य विकास कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधि, २०८१'** अनुरुप तपसिल बमोजिम लागत साभेदारीमा संचालन गर्न ईच्छुक हरुवा, चरुवा, दलित लगायत लक्षित वर्गका कृषक/फार्म/समुह/सहकारीले देहाय बमोजिमका कागजात सहित १५ औं दिन (मिति २०८२/१२/१८ गते) सम्म र अन्तिम दिन सार्वजनिक विदा भएको खण्डमा सोको भोलिपल्ट कार्यालय समयभित्र सिलबन्दी प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसकिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ। सूचना बमोजिमको अवधि नाघी प्राप्त भएका प्रस्तावहरु उपर कुनै कारबाही हुने छैन र त्यस्ता प्रस्तावहरु नखोली सम्बन्धित प्रस्तावदातालाई फिर्ता गरिनेछ। यस स धमा थप जानकारीका लागि कार्यालयको फोन नं. ०३३-५२०००८, ९८५२८३४८०३ मा सम्पर्क गर्नु हुन अनुरोध छ।

**तपसिल:**

| क्र.स. | कार्यक्रमको नाम | ईकाई | परिमाण | कुल अनुदान रकम रु. (रु. लाखमा) | कार्यालय बाट हुने अधिकतम साझेदारी % | साझेदार अनुदान ग्राही /आवश्यक न्युनतम मापदण्ड | खर्च गर्न सकिने विषयगत क्षेत्रहरू |
|---|---|---|---|---|---|---|---|
| १ | हरूवा चरुवा दलित लगायत दलित वर्गको जीविकोपार्जनका लागी १००% अनुदान पशुपन्छीपालन कार्यक्रम | संख्या | ५ | २५ | १००% | • हरुवा, चरुवा दलित लगायत लक्षित वर्ग | क) हरुवा, चरुवा, दलित लगायत लक्षित वर्गका जिविकोपार्जनका लागी प्रजनन् योग्य माउ (बाखा/बंगुर), कुखुरा/हाँसको चल्ला खरिद तथा वितरण, गोठा निर्माण/सुधार |

**देहाय:**

| हरुवा चरुवा:- व्यक्ती/कृषकको लागि | हरुवा चरुवा :-कृषक समूह/सहकारी/नीजि फार्मको लागि |
|---|---|
| १. रु. १० को टिकट टाँस गरी फा.न. २ अनुसारको प्रस्ताव/आवेदन।<br>२. फा.नं. ३ अनुसारको संक्षिप्त कार्ययोजना<br>३. समान प्रकृतिको कार्यको लागि यस निकाय वा अन्य कुनै निकायवाट विगत ३ वर्षमा अनुदान नलिएको स्व-घोषणा पत्र ।<br>४. नागरिकताको प्रतिलिपि<br>५. सम्बन्धित स्थानिय तहवाट हरुवा चरुवा, दलित लगायत लक्षित वर्ग पहिचाम हुने सिफारिस पत्र<br>६. कार्यालयले आवश्यकता अनुसार माग गरे बमोजिमको अन्य आवश्यक कागजातहरु। | १. रु. १० को टिकट टाँस गरी फा.न. २ अनुसारको प्रस्ताव/आवेदन।<br>२. फा.नं. ३ अनुसारको संक्षिप्त कार्ययोजना<br>३. समान प्रकृतिको कार्यको लागि यस निकाय वा अन्य कुनै निकायवाट विगत ३ वर्षमा अनुदान नलिएको स्व-घोषणा पत्र ।<br>४. सहकारी, व्यवसायिक नीजि फार्मको प्रस्ताव-मा हस्ताक्षर गर्ने आधिकारिक व्यक्ति, अध्यक्ष, कोषाध्यक्ष र सचिवको नागरिकताको प्रतिलिपी।<br>५. सम्बन्धित निकायमा दर्ता भएको दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्र, लेखा परिक्षण प्रतिवेदन र करचुक्ता प्रमाण पत्रको प्रतिलिपी ।<br>६. समूह/सहकारीको हकमा कार्यक्रम कार्यान्वयन प्रतिवद्धता सम्बन्धी आधिकारिक बैठकको निर्णय प्रतिलिपि।<br>७. सम्बन्धित स्थानिय तहवाट लक्षित वर्ग पहिचान हुने सिफारिस पत्र ।<br>८. कार्यालयले माग गरे बमोजिमको अन्य आवश्यक कागजातहरु। |

**द्रस्टव्य** *१. समुह/ कृषक समुह मार्फत आउने लक्षित आवेदकहरुलाई प्राथमिकता दिइनेछ।*
*२. प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने लगायतका यस सूचनासँग सम्बन्धित सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।*

पुनश्च: सम्बन्धित कार्यविधिहरू - कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि २०७६ (पहिलो संशोधन, २०७७)", पशुपन्छी तथा मत्स्य विकास कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधि, २०८१' तथा निवेदन/प्रस्तावको ढाँचा कार्यालयको वेबसाईट: vhlsecsiraha.p2.gov.np बाट डाउनलोड गर्नु हुन अनुरोध छ।

**नि.कार्यालय प्रमुख**